स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री मलिना जोशीको करिअर सन्तुलित बन्न सकेको छैन । सन् २०११ मा 'मिस नेपाल'को उपाधि जितेपछि फिल्म 'ऋतु'बाट अभिनय करिअर सुरु गरेकी थिइन् । अहिलेसम्म उनले फिल्ममा आफ्नो अभिनय क्षमता देखाउन सक्ने भूमिका पाउन सकेकी छैनन् । पर्दाभित्र 'सफ्ट' र पर्दाबाहिर ग्ल्यामरस अभिनेत्रीको छवि बनाएकी उनले 'बोल्ड ड्रेसअप'मा कैद गरेका केही तस्बीरहरु फेसबुक र इन्स्टाग्राममा राखेकी छन्, जसमा उनको मादकता र सुन्दरता झल्किएको छ ।

आजको विचार...



व्यवस्था...
(दुई पेजमा)

युवराज चौलागाई

शंकर घिमिरेको लेखन तथा निर्देशनमा बन्ने फिल्म 'तेल भिसा'मा कलाकारको लाइनअप पूरा भएको छ । साथै, फिल्मको प्रदर्शन मिति समेत घोषणा भएको छ । विपिन कार्कीसहित फिल्ममा वर्षा राउत, गौरी मल्ल, ऋचा घिमिरे तथा बुद्धि तामाङको प्रमुख भूमिका हुने जनाइएको छ । विनोद पौडेल, अदिती खरेल र रमेश चौलागाईं सिनेमाका निर्माता हुन् । यो फिल्म नेपालसहित नेपाली डायस्पोरामा २०८१ सालको भदौ २८ गते एकसाथ रिलिज हुने जनाइएको छ । सेभेन सिज इन्टरटेनमेन्ट र वेलडन क्रिएसनको संयुक्त निर्माण हुने फिल्मको छायांकन चैतदेखि सुरु हुने उल्लेख छ ।



❒ वर्ष २९ ❒ अंक १२१ ❒ २०८० मंसिर १३ गते बुधबार 29 November 2023, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### प्लाटिनम खानीमा लिफ्ट खस्दा ११ को मृत्यु

**(रासस/एएफपी)**

**जोहानेसबर्ग,** मंसिर १२/दक्षिण अफ्रिकाको एउटा विशाल प्लाटिनम खानीमा मजदुरहरूलाई सतहमा लैजाँदै गरेको एउटा लिफ्ट नियन्त्रण बाहिर गएर खस्दा ११ जनाको मृत्यु र ७५ जना घाइते भएको खानी सञ्चालकहरूले मंगललबार बताएका छन् ।

इम्पाला प्लाटिनमले सोमबार जोहानेसबर्गको उत्तरपश्चिममा रस्टेनबर्ग खानीमा 'विनाशकारी दुर्घटना' भएको बताएको छ । त्यतिबेला ८० भन्दा बढी मजदुरले आफ्नो सिफ्टको अन्त्यमा मार्ग बनाउँदै थिए । कम्पनीका अनुसार स्थानीय समयअनुसार लिफ्ट अप्रत्याशितरूपमा तल ओर्लन लागेपछि साँझ ५ बज्नुभन्दा पहिला चेतावनी जारी गरिएको थियो । "कन्भेन्स काउन्टरवेटको ज्याक क्याचमा फसेका कारण लिफ्टको द्रुत अवतरण रोकियो", कम्पनीले जारी गरेको विज्ञप्तिमा भनिएको छ । ज्याक क्याच एउटा सुरक्षा प्रणाली हो जसको उद्देश्य दुर्घटनाको स्थितिमा लिफ्ट र भूमिगत रेलहरूलाई पछाडि जानबाट रोक्नु हो । "यो विनाशकारी दुर्घटनामा जीवन गुमाउने र प्रभावित व्यक्तिहरूका लागि हाम्रो मुटु हृदय भारी भएको छ", इम्पाला प्लाटिनम (इम्प्लाट्स) का प्रमुख कार्यकारी निको मुलरले भने, "हामी आफ्ना सहकर्मीहरू गुमाउँदा स्तब्ध भएका छौँ र निकटका सबै आफन्तसँग सम्पर्क गर्न सकियोस् भनी सुनिश्चित गर्ने प्रक्रियामा छौँ ।"

# गैरआवासीय नेपालीलाई नागरिकता

## राजनीतिकबाहेक आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार उपभोग गर्न पाउने

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर १२/सरकारले गैरआवासीय नेपालीलाई नागरिकता प्रदान गर्न थालेको छ । नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० राजपत्रमा प्रकाशित भई नयाँ व्यवस्था लागु भएपछि गैरआवासीय नेपालीलाई नागरिकता दिन थालिएको हो ।

यतिबेला देशका अधिकांस जिल्ला प्रशासन कार्यालयहरुले उक्त व्यवस्थाको कार्यान्वयन गर्न थालेका छन् । पाल्पा र गुल्मीका प्रशासन कार्यालयले पनि यो व्यवस्थाको कार्यान्वयन गरिसकेका छन् । मंगलबार जिल्ला प्रशासन कार्यालय पाल्पाले पहिलो पटक गैरआवासीय नेपालीलाई नागरिकता वितरण गरेको छ । उसले तानसेन नगरपालिका-४ सिल्खानटोलका १९ वर्षीय फेलिक्स बज्राचार्यलाई गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरेको हो । बज्राचार्यलाई प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले जिल्लामा पहिलो गैरआवासीय नागरिकता प्रदान गरेका हुन् । उनी विगत १८ वर्षदेखि आमा फेडीरिके बुर्केट र बुवा सुमेध रत्न बज्राचार्यसँग जर्मनको कोनिगस्विन्टरामा बस्दै आएका छन् । नेपालको संविधानमा भएको व्यवस्था अनुसार नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० को अनुसूचि (८) को (ग) अन्तर्गत नागरिकता ऐन, २०६३ को दफा ७ (क) बमोजिम शर्त तथा अवस्था पुरा गरेकाले उनलाई नागरिकता प्रदान गरिएको हो । प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाको हातबाट जिल्लामै पहिलो गैरआवासीय नागरिकता लिन पाउँदा असाध्यै हर्षित भएको बज्राचार्यको भनाई छ । उनले नागरिकता दिएकोमा जिल्ला प्रशासन कार्यालय पाल्पा र नेपाल सरकारलाई धन्यवाद समेत दिए । नेपालको नागरिकता ऐन २०६३ को तेस्रो संशोधन अन्तर्गत नेपाल नागरिकता नियमावली, २०८० जारी भएसँगै जिल्लामा पहिलो पटक गैर आवासीय नेपालीलाई नागरिकताको प्रमाणपत्र प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी बास्तोलले बताए । उनका अनुसार नागरिकता प्राप्त गरेसँगै बज्राचार्यले राजनीतिक बाहेकका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने छन् । प्रजिअ बास्तोलाले भने 'विदेशमा नेपालीपनको महशुस गर्न पाउन र आर्थिक कुटनीतिक अन्तर्गत नेपालमा विदेशी लगानी भित्र्याउन गैरआवसीय नेपालीले पनि लगानीको वातावरण सिर्जना गर्न पाउन भन्ने उद्देश्यले गैरआवसीय नेपालीलाई नागरिकता दिन थालिएको हो ।' बज्राचार्यलाई तानसेन नगरपालिका-४ का वडा अध्यक्ष हेमन्तराज शाक्य, तानसेन-६ का वडा अध्यक्ष सागरमान महर्जन, पाल्पा उद्योग वाणिज्य संघका सचिव विदुर घिमिरे, जेसिसका अर्जुन कार्की लगायतका व्यक्तिहरुको उपस्थितिमा नागरिकता प्रदान गरिएको थियो ।



तानसेनका फेलिक्स बज्राचार्यलाई गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्दै प्रजिअ बन्धुप्रसाद बास्तोला । बायाँतर्फ बज्राचार्यसँग सामूहिक तस्वीर खिचाउँदै जनप्रतिनिधि, उद्योग वाणिव्य संघका प्रतिनिधि र आफन्त ।

यस्तै गुल्मी जिल्ला प्रशासन कार्यालयले गैरआवासीय नागरिकलाई नागरिकता दिएर उक्त व्यवस्थाको कार्यान्वयन गरेको छ । उसले पनि अहिलेसम्म चार जना गैरआवसीय नेपालीलाई नागरिकता दिइसकेको छ । यहाँ पहिलो पटक गत कार्तिक २१ गते रेसुङ्गा नगरपालिका-१ भिमचोकका भीष्म मरासिनीलाई गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिएको थियो । मरासिनीलाई प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले जिल्लामा पहिलो गैरआवासीय नागरिकता प्रदान गरेका हुन् । विगत २० वर्षदेखि अमेरिकामा बस्दै आएका मरासिनीले अमेरिकी नागरिकता लिएका थिए । उनी अमेरिकाको टेक्सासमा बस्दै आएका छन् । मरासिनीले नेपालको संविधानमा भएको व्यवस्था अनुसार कार्तिक १७ गते नेपाली नागरिकता त्याग गरेपछि नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० को अनुसूचि (८) को (ग) बमोजिम नागरिकता दिइएको प्रजिअ केसीले बताए । उनले दुई दशक पछि गैर आवासीय नेपाली नागरिकताका लागि आवेदन दिएका थिए । जिल्लामै पहिलो गैरआवासीय नागरिकता प्राप्त गरेकोमा आफु उत्साहित भएको मरासिनीले बताए । एक पटकको नेपाली सधैंको नेपाली भन्ने अभियान सार्थक भएको नागरिकता प्राप्त गरेका अर्का कालीगण्डकी गाउँपालिका-१ का डोलराज पाण्डेयले बताए । उनले नागरिकता उपलब्ध गराइदिएकोमा सरकारलाई धन्यवाद दिए । पाण्डेय लामो समयदेखि अमेरिकाको टेक्सासमा बस्दै आएका छन् । गैरआवासीय नेपालीले लामो समयदेखि नेपाली नागरिकता दिनुपर्ने माग गर्दै आएका थिए । उनीहरूकै मागलाई सम्बोधन गर्दै संविधान जारी भएको लामो समयपछि नेपाल नागरिकता ऐन, २०६३ संशोधन गरी नागरिकता प्रदान गर्ने व्यवस्था मिलाइएको हो । नेपाल नागरिकता नियमावली गत असोज ४ गते राजपत्रमा प्रकाशित भएको थियो । उक्त नियमावली प्रकाशित भएसँगै गैरआवासीय नेपालीलाई नागरिकता लिन बाटो खुलेको हो । पछिल्लो प्रकाशित राजपत्रमा गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र र विदेशी बुवाको हकमा नेपाली आमाको सन्तानलाई अंगिकृत नागरिकता उपलब्ध गराउने मुख्य दुई विषय रहेका छन् ।

एनआरएन नागरिकता पाएकाहरुले राजनीति गर्न, सरकारी पदमा बस्न र भोट हाल्न पाउने छैनन् । तर उनीहरुले नेपालमा व्यवसाय गर्न र नेपालमा सम्पत्ति राख्न पाउँछन् । यदि नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्रहित विपरीतको कार्य गरेको ठहरेमा नागरिकता रद्द गर्न सकिने व्यवस्था समेत ऐनमा छ । गैरआवासीय नेपालीले नेपाली नागरिकता लिनका लागि निवेदक व्यक्ति वा उनका आमा/बुबा, हजुरबुबा/हजुरआमा साबिकमा नेपालको नागरिक रहेको प्रमाण पेस गर्नुपर्ने हुन्छ । विगतमा नेपाली नागरिकता लिएको भए त्यो त्याग गरेको प्रमाण, विदेशी मुलुकको नागरिकता भएको प्रमाण आवश्यक पर्नेछ । साथै, नेपालको संविधान, कानुनको परिपालना गर्ने प्रतिबद्धता पनि आवश्यक हुने र शपथ गराउनुपर्ने कानुनी प्रावधान समेत छ ।


## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# बालिका हत्या आरोपी खाँ जेल चलान

**गुल्मी,** गुल्मीको चन्द्रकोट गाउँपालिकामा बलात्कारपछि बालिका हत्याका आरोपित एक व्यक्ति पूर्पक्षका लागि जेल चलान भएका छन् । चन्द्रकोट गाउँपालिका-४ शान्तिपुरकी १५ वर्षीया बालिकाको बलात्कारपछि हत्या गरेको आरोप लागेका बाँके खजुरा गाउँपालिका-७ का २३ वर्षीय रहिस खाँ पूर्पक्षका लागि सोमबार जेल चलान भएका हुन् ।



गत कात्तिक १७ गते उक्त बालिकाको शान्तिपुर घर नजिकैको हुँदीखोलामा नग्न र डुबेको अवस्थामा शव फेला परेको थियो । बालिकाको दर्दनाक अवस्थामा खोलामा शव फेला परेपछि स्थानीयले बलात्कारपछि हत्याको आशङ्का गर्दै विरोध र प्रदर्शनमा उत्रिएका थिए । जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख नवीनकिशोर प्रधानसहितको प्रहरीको टोली तत्काल घटनास्थल पुगेर अनुसन्धानपछि शंकास्पद व्यक्ति खाँलाई नियन्त्रणमा लिएको थियो । मृतक बालिका शान्तिपुरको श्रीलङ्काटोलमा आमासँग डेरामा घरमा बस्दै आएकी थिइन् । आमासँग घर नजिकैको खेतमा काम गर्न गएकी उनी कार्तिक १६ गते बिहान ११ बजे खेतलालाई सुर्ति किन्न बजार गएपछि सम्पर्कबिहीन बनेकी थिइन् । गुल्मी प्रहरीले घटनामा संलग्न भएको आरोपमा खाँलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धानपछि गुल्मी जिल्ला अदालतमा पेस गरेको थियो ।

गुल्मी जिल्ला अदालतले सोमबार खाँलाई पूर्पक्षका लागि जिल्ला कारागार गुल्मी चलान गरेको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी डिल्लीनारायण पाण्डेयले जानकारी दिए । हत्या आरोपी खाँलाई प्रहरीले गत कात्तिक १७ गते चन्द्रकोट गाउँपीलका-४ अर्न्तगत शान्तिपुरबाट पक्राउ गरेको थियो । -रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## आस हराएका मान्छेहरु

संसारमै आशा र भरोसा सबैभन्दा महत्वपूर्ण पक्ष हुन् । उनीहरु बीचको सम्बन्ध अत्यन्तै सन्निकट र सामिप्यताले भरिपूर्ण हुनुपर्ने हुन्छ । सामाजिक उत्तरदायित्वसँगै उनीहरुका हरेक योजना र क्रियाकलापले दिने परिणामलाई आशाको शुभारम्भ विन्दु मानिन्छ । त्यसकारण पटक–पटक उठ्ने गरेका वहस अहिले मुलुकका कतिपय राजनैतिक दलका नेताहरु आस हराएका मानिसहरु जस्तै भएका छन् । त्यसकारण नेतृत्व परिवर्तनको आवश्यकता प्रति गहन चर्चा हुने गरेको पाइन्छ । नेपालका पुराना दलहरुका नेतृत्वप्रतिको नकारात्मक प्रचार हुनु भनेको नै आस हराएका मान्छेहरुको नेतृत्व भएका कारणले नै हो । नयाँ पुस्ता भन्ने गर्छन्, जसको वृद्धावस्थाका कारण शारीरिक, मानसिक क्षमतामा ह्रास आउँछ त्यसपछि अरुको सहारामा दैनन्दनी चल्नुपर्ने हुन्छ । त्यसकारण पनि पुराना दलका पाकापुस्ताका नेताहरुबाट राजनैतिक उत्तराधिकार हस्तान्तरण हुनुपर्ने देखिन्छ, तर त्यसो भएको छैन ।

हाम्रो मुलुकका पुराना कतिपय दलहरुले नराम्रा व्यवस्था परिवर्तन गर्न सके नेता र नेतृत्व हस्तान्तरण गर्न सकेनन् । त्यो नहुनु भनेकै समस्या माथि समस्या उत्पन्न हुने र राजकाजमा पनि नयाँ निर्णय क्षमताको विकासमा कमी आउँने भएका कारण मुलुक समस्यामा परेको हो । त्यसैले नेपालका अधिकांश युवाहरु भन्ने गर्छन्, अब नेतृत्व परिवर्तन नै सबै भन्दा पहिलो मान्यता हुनु आवश्यक छ । अब पुराना नेताहरुले राजनैतिक अवकाश लिनुपर्ने हुन्छ । अनि मात्र मुलुकले केही आशा र भरोसाको श्वास फेर्न सक्ने अवस्था रहन्छ । अन्यथा सधैं आश हराएका मानिसको आसै आसमा बस्यौ भने मुलुक दिनप्रति अधोगति तर्फ अग्रसर हुने बाहेक केही पनि हुन सक्दैन भन्ने कुरा हामी सबैमा चेतना भया !

## Opinion @ Social Network

केही नखाइकन कसले काम गर्छ र यहाँ !!
तिम्रो मायाले पनि त मेरो मुटु खाएको छ ।
*(नविन गिरीको फेसबुक स्टाटस https://www.facebook.com/nabin.giri.79)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# व्यवस्थाविरुद्ध प्रदर्शनभन्दा खतरनाक दलहरूको यथास्थिति



**युवराज चौलागाईं**

मंसिर ७ गते काठमाडौंका सडकहरू एकाएक तनावग्रस्त बने । दुर्गा प्रसाईं नाम गरेका एक जना व्यवसायीले सुरु गरेको कथित अभियानको ब्यानरमा जम्मा भएका केही मानिसहरूले संविधान र व्यवस्थालाई खुलमखुल्ला ललकारे र १७ वर्षअघि मिल्काइसकिएको राजतन्त्रको पक्षमा माहोल बनाउने प्रयास गरे । संविधानसभाबाट संविधान जारी हुने बेलासम्म नेपालमा विरोध प्रदर्शनका यस्ता दृश्यहरू आम थिए तर २०७२ साल असोजमा नेपालको नयाँ संविधान जारी भएयता काठमाडौंका सडकहरूमा विरलै यस्ता आक्रोशजन्य दृश्यहरू देखा परेका थिए । त्यस अर्थमा विरोधको यो प्रयासले आमसञ्चार र मानिसहरूको ध्यान तान्न सफल भएको देखियो । लोकतन्त्रमा विरोधलाई राज्य व्यवस्थाकै एक अंगका रूपमा लिइने भएकोले यी र यस्ता प्रदर्शनलाई सामान्य अर्थमा लिनुपर्दछ । तर, जुन पृष्ठभूमि र धरातलमा यी कामहरू भएका वा हुन खोजिरहेका छन्, त्यसबारे भने गम्भीरतापूर्वक विमर्श गर्न जरूरी छ ।

**गम्भीर विषय**

आधुनिक नेपाल (२००७ सालयता) को मूल राजनैतिक विशेषता के रहेको छ भने यसमा जहिले पनि सत्ताको बागडोर सम्हालिरहेको शक्तिभन्दा विद्रोहको शक्तिसँग प्रगतिशील र अग्रगमनको राजनैतिक नारा र कार्यक्रम रहिआयो । यसकारण, सत्ताले कमजोरी गर्दा त्यसको विकल्पका रूपमा देशमा तुलनात्मक प्रगतिशील धारा अगाडि आउने सम्भावना रफयो र समयक्रममा विभिन्न प्रक्रियाबाट राज्यमा प्रगतिशील रूपान्तरण ल्याउन त्यसले मद्दत गरिरफयो । यसपटक समकालीन इतिहासको सबैभन्दा प्रगतिशील धाराको नेतृत्व गरेर आएको माओवादीको नेतृत्वमा सरकार छ । संविधानसभाबाट जारी भएको हालसम्मकै सबभन्दा जनपक्षीय संविधानको कार्यान्वयन भइरहेको छ । दलहरूले मात्र सम्पूर्ण राज्य शक्तिको प्रयोग गर्ने पूर्ण लोकतन्त्रको राजनीतिक वातावरण छ । यसो हुँदा समेत यसको विकल्पको रूपमा इतिहासको विषय भइसकेको राजतन्त्रको वकालत हुनु र त्यो पनि परिवर्तनको यति छिट्टै यस रूपमा हुनु सामान्य विषय पक्कै होइन । आजको सन्दर्भमा, गणतन्त्रको विरुद्ध सडकमा नारा लाग्नु त्यति गम्भीर विषय होइन । पुरानो व्यवस्थालाई नयाँ व्यवस्थाको विकल्पका रूपमा पुन: प्रस्तुत गरिनु पनि उस्तो गम्भीर कुरा होइन । देशमा गनेर नभ्याइने संख्यामा दलहरू हुँदाहुँदै ती सबलाई छोडेर एउटा व्यक्तिका पछि लगाएर हजारौंको भीड देखाइनु पनि उति गम्भीर कुरा होइन । तर सबभन्दा गम्भीर कुरा चाहिं यति ठूलो परिवर्तनपश्चात्, यत्रो ठूलो राष्ट्रिय जिम्मेवारी प्राप्त गरेपश्चात् पनि दलहरू सेुनन्, बरु झन् बिग्रदै गए भन्ने सन्देश जानु हो । दलहरूभित्र राजकीय र सामाजिक विषयमा गम्भीर बहस पटक्कै नहुनु गम्भीर विषय हो । दलका नेताहरू आफन्त, आसेपासे र सम्पत्तिको पछि लागेर जनतालाई धोका दिइरहेका छन् भन्ने कुरा स्थापित हुँदै जानु गम्भीर विषय हो । सबभन्दा गम्भीर विषय उपरोक्त गम्भीर कारणहरूले गर्दा दल वा नेताहरूले राज्यको चरित्रमा खासै बदलाव ल्याउन र जनताको दैनिकी सुधार गर्न चाहेनन् (सकेनन् होइन, चाहेनन्) भन्ने कुरा दिनदिनै धेरैभन्दा धेरै मानिसलाई लाग्दै जानु र झन् लाग्दै जानु हो ।

**इज्जत नभएको मान्छे**

म एक दिन राजनैतिक कामकै सिलसिलामा केही युवाको टोलीसँग भेटघाट गर्न बसिरहेको थिएँ । कुराकानी सुरु हुँदानहुँदै परिचित एकजना सीधा र कर्मजीवी युवाले भनिहाले, 'अहिले समाजमा सबभन्दा इज्जत नभएको मान्छे कोही छ भने त्यो नेता हो । नेताको के इज्जत छ र ? नेतालाई कसैले राम्रो मान्दैन ।' छलफल त मीठो भयो तर दल र नेताहरूप्रति यस्तो माहोल बनेको देखेर दु:ख र ग्लानी महशुस भयो । ती युवाको कुरा शतप्रतिशत सही त होइन । उनले भने झैं कतिले सोच्लान्, यसबारे बहस गर्न पनि सकिएला तर दल र नेताहरूको रूपान्तरण कति जरूरी छ भन्ने कठोर सन्देशका रूपमा यस्ता भावनाहरूलाई विनम्र आत्मसात् गर्न ढिला भइरहेको छ । नेतृत्व रातारात तयार हुने कुरा होइन । आज देश र दलको नेतृत्व गरिरहेका नेताहरूले गरेको संघर्ष र बलिदान वन्दनीय छ । दलहरूले जे भनेर संघर्ष गर्दै देश यो अवस्थासम्म आयो, औचित्य पुष्टि गर्ने सबैभन्दा बढी दायित्व पनि दलहरूकै हो । यसर्थ, यस्ता जनआवाजहरूको सम्बोधन गर्ने दायित्व पनि दल र नेतृत्व वर्गकै हो ।

**नगरी नहुने काम**

नेपालमा हाल चालु संघीय लोकतान्त्रिक गणतन्त्र कसैको लहड र कर बलमा थोपरिएको व्यवस्था होइन । त्यसको उल्टो यो त जनताको लामो संघर्ष र चाहनाको बलमा प्राप्त भएको व्यवस्था हो । यस व्यवस्थामा केही कमजोरीहरू होलान् तर त्यही कारणले कुनै राजा, महाराजालाई जनताको छातीमा परेड खेल्न दिन सकिंदैन । यसो भनेर दलहरूले जे गर्छन्, त्यो मात्र लोकतन्त्र हो भन्ने पनि छैन । दलहरू जनताको सही ढंगले नेतृत्व गरुन्जेल शासन सत्तामा हुने र त्यसो गर्न चुकेको खण्डमा सबै कुरा गुमाएर सडकमा सर्वसाधारणको हैसियतमा पुग्ने प्रणाली लोकतन्त्र हो । लोकतन्त्रमा नेताहरू निरन्तर जनताको परीक्षामा उत्तीर्ण भैरहनुपर्दछ । उनीहरूका बारेमा सार्वजनिक बहस, छलफलहरू हुने र हरेक पटक अब्बल सावित हुँदै आउने प्रक्रिया यसको आत्मा हो । आज व्यवस्थाका बारेमा कुरा गर्दैगर्दा दलहरूले जनताका केही महत्वपूर्ण बदलिएका चाहनाहरूप्रति ध्यान दिनैपर्दछ । तीमध्ये ध्यान दिनै पर्ने केही कुराहरू हुन्- आज आम रूपमा सुनिने र अनुभूत हुने पहिलो जनगुनासो हो- विगतमा भन्दा राज्य खासै बदलिएन । जनताका लागि जो आए पनि उस्तै भयो । फरक भएन । राज्य बदल्ने कुरा गर्दा तत्काल दुई वटा कुरामा समानान्तर रूपमा ध्यान दिनुपर्दछ । पहिलो हो, राज्यको आर्थिक क्षमता अभिवृद्धि । गरिब राज्यले जनतालाई धेरै सुविधा दिन सक्दैन । राज्यलाई सम्पन्न बनाउने भनेको जनताको सम्पन्नतासँग जोडिएको कुरा हो । यसमा राजनैतिक नेतृत्वको दूरदृष्टि र अन्य क्षेत्रको सहयोग जरूरी छ । नेपालको विगत ६० वर्षको औसत वार्षिक वृद्धिदर चार प्रतिशतभन्दा मुनि नै देखिन्छ । राजनैतिक कालखण्डको हिसाब गर्दा सक्रिय राजतन्त्रको पञ्चायती ३० वर्षमा औसत ३.१४ प्रतिशत रहेको नेपालको कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर संवैधानिक राजतन्त्रको १६ वर्षको अवधिमा हल्का बढेर ४.४ प्रतिशतमा पुगेको रहेछ । २०६३ सालयताको गणतन्त्रको नयाँ राजनैतिक परिवेशका १६ वर्षमा यस्तो वृद्धिदर जम्माजम्मी ४.५ प्रतिशत मात्र हुन आउँदो रहेछ । मानिसहरूको आकांक्षामा व्यापक वृद्धि भएको, नेपाली मुद्राको मूल्य निरन्तर गिर्दो रहेको अवस्थामा यति सामान्य वृद्धि दरमा युगाण्डा, कंगो र इथियोपियाको भन्दा कमजोर हालतको राज्यले कसरी असीमित जनआकांक्षाको नेतृत्व गर्न सक्दछ ? यो प्रश्न राज्य र लोकतन्त्रकै लागि अत्यन्त गम्भीर रहेको छ । यही कारणले आजसम्म पनि २८० प्रतिशत कर लिएर सवारी साधन बेच्न राज्य बाध्य भैरहनु परेको छ । उता व्यापार घाटा बढ्ने र निकासी घट्ने उल्टो दर सुरसाको मुख झैं बढेको बढ्यै छ । यहाँ ध्यान दिनैपर्ने कुरा के छ भने देशको आर्थिक अवस्थामा सुधारको ठोस योजना र त्यसको सफल कार्यान्वयन नगरी नेपालका कुनै पनि प्रणालीलाई दीर्घकालीन रूपमा टिकाउन सम्भव नै छैन । नयाँ संविधानपश्चात् प्राप्त भएको नयाँ राजनैतिक प्रणालीबारे यति चाँडै प्रश्न उठ्नुको चुरो कुरा देशको सही र प्रभावकारी आर्थिक नीतिसँग गहिरोसँग जोडिएको छ । नेपालको घरेलु र विदेश सम्बन्धका गाँठी कुराहरू देशको अर्थतन्त्रसँग गम्भीर रूपमा जोडिएको छ ।

दलहरू ठीक यहींनेर गम्भीर हुन चुकिरहेका देखिन्छन् । समझदारीको तहमा दलहरूले सत्तालाई अवसरका रूपमा बुझ्ने जुन आम प्रचलन छ, त्यो गलत मात्र होइन घातक पनि छ । दलका लागि सत्ता अवसर होइन, बरु यो त काम गरेर देखाउने चुनौती पो हो । ठीक यही बिन्दुमा आफन्त, आफ्नो गुटका वा आफूसँग सहमतलाई मात्र राज्य वा दलको सत्ताको भऱ्याङ चढाउने सोच कामै लाग्दैन । किनभने सही दृष्टिकोण र कार्ययोजना नभई अवसर लिन मात्र राज्यका निकायहरूमा नेताहरू पुग्नाले दल मात्र होइन, प्रणाली र देशलाई नै गम्भीर हानि गरिरहेको हुन्छ । सत्तामा काम गर्न सक्ने, क्षमता र इमानदारी भएको पात्र वा प्रवृत्ति स्थापित गर्न नेतृत्वले जोड गर्नुपर्ने हो । किनभने आज दलहरूले काम गरेर देखाउने बाहेक अन्य कुरालाई प्राथमिकतामा राखे भने त्यो नै सर्वनाशको सोचाइ र बाटो हो । सरकार र संसद्मा सक्षम मानिसहरू जाने कि मन परेकालाई अवसर दिने ? पार्टीमा अनेकथरी शक्तिको हिसाब गरेर नेताहरूको बढुवा, घटुवा र थमौती गर्ने कि काम र योग्यतालाई प्रधानता दिने ? ठीक यही विन्दुमा सबै दलहरू चुकिरहेका छन् । आज दलहरूको आम अवस्था कस्तो छ भने नेता भएको मान्छे जनता जस्तो सोच्न नसक्ने र जनता नेता जस्तो नसोच्ने स्थिति छ । यसले जनता र नेताहरूका बीचमा असीमित दूरी बढाउन भूमिका खेलिरहेको छ । राज्यको अर्बौंको पूँजी सहित युवा शक्ति विदेश पलायन भइरहेका छन् । पुरानो निर्वाहमुखी ग्रामीण अर्थतन्त्र समाप्त भएर गइसकेको छ । आयातको चापले राष्ट्रिय उद्योगधन्दा मरेर गइरहेका छन् । तैपनि यसलाई हल गर्न राज्यले कुनै प्रभावकारी कदम चाल्न सकेको छैन । सिंगो अर्थतन्त्र सुधारबारे, सामाजिक जीवनमा सुधार गर्नैपर्ने विविध आयामबारे राजनीतिक तहको गतिलो पहल जरूरी भइसकेको छ तर त्यो देख्न सकिएको छैन । विज्ञहरू निराशा बाँड्ने, राज्य यता केही गर्न नसक्ने, आम सञ्चारले नकारात्मतालाई मात्र प्रचार गर्ने प्रवृत्ति जारी नै राखेर संसारमा कुन चाहिं देश बनेको छ र ? नेपालमा अब गरीबी नियन्त्रण, औद्योगिकीकरण र राष्ट्रिय हित बुलन्द गर्न राजनैतिक नेतृत्वले सम्पूर्ण ध्यान लगाउन आवश्यक छ । यहाँ भाषणबाजी होइन, नतिजा राष्ट्रको आवश्यकता हो, यसमा ध्यान नदिई लोकतन्त्रको सुदृढीकरण सम्भव नै छैन । राज्यले गर्नैपर्ने अर्को काम कर्मचारीतन्त्र लगायत राज्यका निकायहरूमा व्यापक सुधार हो । राज्यका लागि नेता र दलहरूको मात्र सुधार भएर हुँदैन, कर्मचारीतन्त्रमा पनि उत्तिकै सुधार हुनुपर्दछ । कसैले माने पनि नमाने पनि आजको कर्मचारीतन्त्र जनताको लागि सहयोगी छैन । कर्मचारीतन्त्र नयाँ राजनैतिक प्रणाली अनुकूल सुधार भएको पनि छैन । त्यसका लागि कर्मचारीतन्त्रमा दुई खाले सुधार गर्न जरूरी देखिएको छ । पहिलो, उच्च तहका कर्मचारीहरूको एउटा ठूलो हिस्सा निरन्तर कार्यसम्पादनमा आधारित करारमा लिने प्रणाली विकास गर्ने । स्थायी कर्मचारीको संख्या क्रमश: घटाउँदै लैजाने । दोस्रो, कर्मचारी वर्गको हरेक सदस्यलाई न्यूनतम उत्तरदायित्वको ठोस व्यवस्था । यसो गरेर शीघ्र सेवा प्रवाहको सुनिश्चितता गर्ने । भ्रष्टाचार विरुद्ध कठोर हुने ।

तेस्रो, लोकतन्त्रमा नगरी नहुने काम भनेको राज्य संयन्त्रहरूको संस्थागत र व्यावसायिक विकास हो । राज्यले अनुभूत हुने गरी जनताको काम गर्नका लागि बलियो संस्था चाहिन्छ । बलियो प्रहरी, बलिया विभागहरू, बलियो अदालत, बलिया विश्वविद्यालय र विद्यालयहरू, बलिया स्वास्थ्य संस्था र समग्रमा बलिया सार्वजनिक निकाय विना लोकतन्त्र फिका हुन्छ । सार्वजनिक संस्थाहरूको सबलीकरणको ठोस योजनाका लागि दलहरूभित्र र आम जनताका बीचमा व्यापक बहस हुनुपर्दछ । आज दलहरूले विकास गरिरहेको भागबन्डाको संस्कृतिले सार्वजनिक संस्थाहरूको सबलीकरण होइन, तिनको विघटन गर्न जोड गरिरहेको छ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । | **तुला** : रमाइलो यात्रा गर्ने अवसर छ । परिवारजनको साथले आशा पलाउनेछ । |
| **वृष** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको काम सम्पादन हुन सक्छ । | **वृश्चिक** : परिश्रमको उपलब्धि राम्रै पाइनेछ । कामले तीव्रता लिनेछ । |
| **मिथुन** : प्रतिस्पर्धामा सफलता मिल्छ । अधुरा कामहरु पूरा हुनसक्छ । | **धनु** : नोकरी गर्नेले सम्मान पाउने छन् । छोटो यात्राको सम्भावना छ । |
| **कर्कट** : रोकिएका काम सुरु हुन सक्छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । | **मकर** : हाँसखेल र मनोरञ्जन पूर्ण समय छ । पारिवारिक सुख मिल्नेछ । |
| **सिंह** : विचार पुऱ्याएर निर्णय लिनुपर्छ । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । | **कुम्भ** : रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । |
| **कन्या** : काममा सफलता हुनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ । | **मीन** : व्यवसायीको रमाइलो यात्राको योग छ । अतिथिको रूपमा सत्कार पाइएला । |

## मनोरञ्जन

# समीक्षकले नरुचाएका सिनेमा दर्शकले रुचाए समीक्षक 'फेल' भएनन् ?




नेपाली बक्सअफिसमा अक्सर कमै चलचित्र सफल हुन्छन् । त्यसमा पनि समीक्षात्मक रूपमा रुचाइने र दर्शकले मन पराउने त झनै कम हुन्छन् । नेपालको सन्दर्भमा दर्शकले रुचाउने चलचित्र समीक्षकले मन नपराउने र समीक्षकले रुचाउने दर्शकले नरुचाउने गरेको पाइन्छ । यो विरोधाभास नेपाली सिने उद्योगमा लामो समयदेखि यथावत् छ । समीक्षकले मन नपराएका चलचित्रले बक्सअफिसमा रेकर्ड ब्रेक कलेक्सन गरेका छन् । तर, समीक्षकले मन पराएका चलचित्रले हलमा दर्शकको अभाव व्यहोर्दै आएका छन् । यसको उदाहरणका रूपमा 'छक्का पञ्जा', 'ए मेरो हजुर', 'नाईं नभन्नु ल' र 'प्रेम गीत'लाई लिन सकिन्छ । यी चलचित्रले राम्रो व्यापार गरे, समीक्षकको साथ भने पाउन सकेनन् । अर्कोतर्फ, 'हरि', 'कथा', 'बुलबुल', 'डाइङ क्यान्डल', 'आचार्य', 'सेतो सूर्य', 'टलकजंग भर्सेस टुल्के' आदि राम्रो समीक्षा पाएका सिनेमा थिए । तर, यी चलचित्रले हलमा दर्शकको माया पाउन सकेनन् ।

समीक्षकले राम्रो भनेका नचल्ने तर नराम्रो भनेका चलचित्र किन चलिरहेका छन् ? निर्देशक तथा कलाकार दीपाश्री निरौलाको प्रश्न छ- कतै समीक्षक नै बायस त भइरहेका छैनन् ? "समीक्षकले नराम्रो भनेका चलचित्र चलिरहेका छन् भने उहाँहरू फेलियर भएको होइन र ?," दीपाश्री भन्छिन्, "समीक्षकले राम्रो कुरा पनि देख्नुपर्छ । सबै नराम्रैनराम्रो मात्रै छ भने त्यो चलचित्र कसरी चल्छ, दर्शकले कसरी मन पराउनुहुन्छ ?" उनी प्रश्न गर्छिन्, "नराम्रो भन्ने समीक्षकले राम्रो कुरालाई पनि वाह ! भन्न सक्नुपर्छ । राम्रो कुरा पनि देख्न सक्नुपर्छ ।" समीक्षकको आँखा फराकिलो हुनुपर्ने उनको टिप्पणी छ । आर्टहाउस मुभी र कमर्सियललाई एउटै आँखाले हेर्न नहुनेमा उनको जोड छ । "आर्ट-कमर्सियल र कमर्सियल मुभीलाई एउटै आँखाले हेर्नु हुँदैन," दीपाश्री भन्छिन्, "वास्तवमा यी दुई फरकफरक मूल्यांकन हुने चलचित्र हुन् भन्ने बुझ्न सक्नुपर्छ । समीक्षकका शुद्ध आँखाले हेर्नुपर्छ । हैन भने दर्शकले मन पराउने र समीक्षकले मन पराउने चलचित्रमा भिन्नता कायमै रहन्छ ।" आर्ट-कमर्सियल र आर्ट मुभीको फरक छुट्ट्याउनुपर्ने उनी औँल्याउँछिन् । कमर्सियल मुभीको समीक्षा गर्दा सफ्ट कर्नर अपनाउनुपर्ने उनको धारणा छ । "कमर्सियल मुभीमा निर्माताले मेरो चलचित्रले बिजनेस गर्नैपर्छ भनेर लगानी गरेको हुन्छ । त्यहीअनुसार मेकरले सिनेमा बनाएको हुन्छ," दीपाश्री भन्छिन्, "तर, समीक्षकले आर्ट मुभीसरह समीक्षा गरेको पाइन्छ । बलिउडममा पनि आमदर्शकलाई बनाउने सिनेमा छुट्टै हुन्छन्, ओस्कार र अन्य फिल्म फेस्टिभललाई भनेर बनाइएका सिनेमा छुट्टै हुन्छन् । यो सत्यतथ्यलाई समीक्षकले बुझ्नुपर्छ ।" समीक्षकले निरन्तर नराम्रा भनेका चलचित्र दर्शकले मन पराइरहे समीक्षक 'फेल' भएको बुझ्न सकिने उनको टिप्पणी छ । समीक्षककै समीक्षामाथि पनि टिप्पणी गर्न सकिने निर्देशक तथा निर्माता सन्तोष सेन बताउँछन् । "एउटा समीक्षकले गरेको समीक्षामा अर्को समीक्षकले समीक्षा गर्ने हो भने त्यहाँ पनि कमजोरी भेटिन्छ । टीकाटिप्पणी गर्ने ठाउँ त्यहाँ पनि हुन्छ," निर्देशक सेन भन्छन् । चलचित्रमा कला पक्ष मात्र खोज्दा दर्शकको रुचि र समीक्षकको कलममा विरोधाभास देखिएको सन्तोषको अनुभव छ । सन्तोष आफैँ पनि यसका भुक्तभोगी हुन् । उनको 'प्रेमगीत' राम्रो कलेक्सन गर्ने तर समीक्षा नराम्रो पाउने चलचित्रमध्ये एक हो । "समीक्षकले कलाको गहिराइमा पुगेर चलचित्र हेर्नुहुन्छ, तर दर्शकले त्यसो गर्नु हुन्न," सन्तोष अगाडि थप्छन्, "दर्शक हलमा हाँस्न, रमाउन र लार्जर देन लाइफसहितको ठूलो क्यानभास हेर्न रुचाउनुहुन्छ । त्यसैले दर्शक र समीक्षकको भिजन नमिलेको हो ।" जो कोही दर्शक सिनेमा हलमा ज्ञान लिन नजाने सन्तोषको तर्क छ । हलमा दर्शक रमाउन नै जाने गरेको र त्यहीअनुसार उनीहरूको रोजाइ हुने गरेको सन्तोष बताउँछन् ।


"समीक्षकले मन पराउने सिनेमा मन पराउने दर्शक पनि हुनुहुन्छ । तर, त्यो संख्या निकै कम छ । त्यसैले समीक्षकले मन पराएका चलचित्र सानो संख्यामा रहेका दर्शकले हेर्दा पनि सफल हुँदैनन्," उनी प्रस्ट पार्छन्, "दर्शक हलमा सिनेमाको साउन्ड, ब्याकग्राउन्ड स्कोर, सिनेमेटोग्राफी, कलर कस्तो छ भनेर ज्ञान लिन जाँदैन ।" स्वयं चलचित्रकर्मी नै बक्सअफिसमा 'हिट' हुँदैमा चलचित्र राम्रो र कम कलेक्सन गर्दैमा नराम्रो भनेर बुझ्न नहुने बताउँछन् । अभिनेत्री बेनिशा हमाल कतिपय चलचित्र राम्रो हुँदाहुँदै पनि नचलेका थुप्रै उदाहरण भएको बताउँछिन् । "सिनेमा स्कुलमा पढाइ हुने विश्वकै मास्टर पिस सिनेमा हलमा चलेका थिएनन् । सम्भवत: अहिले हलमा देखाउने हो भने पनि चल्दैनन्," उनी भन्छिन् । दर्शक र समीक्षकको रुचिमा ठूलो अन्तर रहेको उनको बुझाइ छ । किन एउटै सिनेमालाई लिएर दर्शक र समीक्षकको धारणा फरकफरक हुन्छ भन्नेमा उनको तर्क छ, "समीक्षक र दर्शकले सिनेमालाई हेर्ने आँखा नै बेग्लै हुन्छ ।"

**जस्तै ?**

"समीक्षकलाई सिनेमामा कमजोरी औँल्याउने सानासाना कुरा चलचित्रमा थुप्रै हुन्छन् । तर, दर्शकले त्यसरी कहिल्यै पनि हेर्दैन," बेनिशा अगाडि थप्छिन्, "समीक्षकले कलात्मक पक्ष खोज्छ । समीक्षकले टेक्निकल पक्ष पनि हेर्छ । यसमा दर्शकको सरोकार रहँदैन । दर्शकले इमोसन मात्रै बुझ्छ ।" सबै राम्रा अथवा राम्रो समीक्षा पाएका सिनेमा चल्छन् नै भन्ने नहुने उनको भनाइ छ । सिनेमा चल्नु र नचल्नुका पछाडि धेरै कारण हुने उनी बताउँछिन् । "सबै राम्रा चलचित्र चल्छन् भन्ने छैन । चलचित्र धेरै कारणले चल्छन् र चल्दैनन् पनि । स्टारकास्टले पनि सिनेमा चल्ने र नचल्ने कुरामा केही फरक पर्छ । राम्रो भएर पनि स्टारकास्टको अभाव, नयाँ मेकर र उचित प्रचारको अभावमा चलचित्र चलिरहेका हुँदैनन्," उनी भन्छिन्, "तर, कतिपय चलचित्र मेकरको लिगेसीका कारण पनि चलिरहेका हुन्छन् । दर्शकले कस्तो चलचित्र मन पराउँछन् भनेर सोहीअनुसार बनाउँदा पनि मेकरको लिगेसीकै कारण पनि चलचित्र चलिरहेका छन् ।" ब्रान्डको अभाव र प्रचार नगरिँदा समीक्षा राम्रो पाउने चलचित्र पनि नचलिरहेको सत्यलाई नकार्न नसकिने बेनिशाको अनुभव छ । "म आफैँले पनि थुप्रै राम्रा चलचित्रमा काम गरेको छु । तर, ती चलचित्र किन चलेनन् भनेर फर्किएर हेर्दा मैले अधिकांश नयाँ मेकरसँग काम गरेको रहेछु," बेनिशा भन्छिन्, "नयाँ मेकरसँग यति धेरै प्यासन र इफोर्ट हुन्छ, उसले चलचित्र निर्माणकै क्रममा सबै बजेट सकाउँछ । पब्लिसिटीमा जाने बेलामा ऊसँग पैसा हुँदैन । त्यसैले मार्केटिङ गर्न नसकेर पनि राम्रा सिनेमा चलेका छैनन् ।" केही चलचित्र 'वर्ड अफ माउथ'का कारण पनि चल्ने गरेको उनी बताउँछिन् । दर्शकबाट राम्रो प्रतिक्रिया पाएका चलचित्र रिलिजको तेस्रो/चौथो दिनदेखि राम्रोसँग चल्ने गरेको उनी सुनाउँछिन् । यसको उदाहरणका रूपमा 'दिमाग खराब'लाई लिन सकिन्छ । भलै, यो ब्यानर र यसका मेकर आफैँमा प्रमाणित भइसकेका हुन् । बेनिशा चलचित्रको व्यापारलाई 'ग्याम्लिङ' भन्न रुचाउँछिन् । कारण, राम्रो भनेर अपेक्षा गरिएका नचल्ने तर ठिकठाक भनिएका केही चलचित्र चल्ने गरेका छन् । कुन चलचित्र चल्छ र कुन चल्दैन भन्न नसकिने उनको भनाइ छ ।

*-बाह्रखरी डटकम*

# पोस्टरबाटै चर्चामा 'सतीदेवी', निर्देशक भन्छन्, 'समाजको कथा छ'






फिल्मप्रति दर्शकमा हुटहुटी जगाउन पोस्टरको पनि ठूलो भूमिका रहन्छ । यसैले पोस्टर आकर्षक हुन जरुरी छ । तर, प्राय: मेकर पोस्टरमै चुक्ने गर्दछन् । कलाकारलाई कुन हिसाबले प्रस्तुत गर्दा पोस्टर आकर्षक देखिन्छ भन्ने नै धेरैलाई थाहा हुँदैन । जसले गर्दा पोस्टर सार्वजनिक भए पनि त्यसले बजारमा खासै ठूलो पराकम्पन ल्याउँदैन । यो मामलामा फिल्म 'सतीदेवी' भने पृथक देखियो । निर्देशक लक्ष्मण सुवेदीले मंसिर ७ गते अभिनेत्री मलिका महतलाई प्रस्तुत गर्दै फिल्मको फर्स्टलुक सार्वजनिक गरेका थिए । फिल्म ग्रामीण परिवेशमा बनेको र मलिका गाउँले चरित्रमा रहेकाले पोस्टर सामान्य आउन सक्ने आँकलन धेरैको थियो । तर, निर्देशक सुवेदीले पोस्टरबाट 'सरप्राइज' दिए । उनले मलिकालाई जुन रुपमा प्रस्तुत गरेका छन्, त्यसले फिल्मप्रति नै अपेक्षा चुलाएको छ ।

पोस्टरमा मलिकालाई कालोमोसो र जुत्ताको माला लगाएर गाउँलेहरुले लखेटिरहेको देख्न सकिन्छ । यसले नेपाली समाजको एउटा पाटो देखाएको छ । र, महिलाप्रति हुने व्यवहारलाई चित्रित गर्छ । पोस्टरले फिल्ममा मलिकाको भूमिका सशक्त रहेको बुझाउँछ । त्यसो त यो फिल्म नै उनको काँधमा छ । पहिलोपटक आफूमाथि केन्द्रित भएर फिल्म बनेकाले उनलाई चुनौती र अवसर दुवै छ । फिल्मको पोस्टरलाई सेलिब्रेटीहरुबाट पनि प्रशंसा मिलिरहेको छ । अभिनेत्री ऋचा घिमिरेले फेसबुकमा पोस्टर सेअर गर्दै फिल्मको टिमलाई शुभकामना दिएकी छन् भने अभिनेत्री वर्षा सिवाकोटीले फेसबुकमा पोस्टर सेअर गर्दै 'प्रभावशाली पोस्टर' भनेकी छन् । त्यसैगरी, अभिनेता सरोज खनालले पोस्टरले नै फिल्म उत्कृष्ट बनेको भान हुन्छ भन्दै निर्देशक सुवेदीलाई शुभकामना दिएका छन् ।

निर्देशक सुवेदी पोस्टरलाई लिएर प्राप्त प्रतिक्रियाले आफू नै 'सरप्राइज' भएको बताउँछन् । 'पोस्टरले दर्शकसँगै फिल्मकर्मीहरुबाट जुनखालको प्रतिक्रिया पाएको छ, म आफैं 'सरप्राइज' छु । हामीलाई थप चुनौती थपिएको महसुस भएको छ,' उनले भने, 'फिल्म उत्कृष्ट बनाउने प्रयास गरेका छौं । हामीले गाउँ-समाजमा देखिरहेकै कथा फिल्ममा छ ।' उनको यो तेस्रो निर्देशकीय फिल्म हो । प्रदर्शन मिति घोषणा गर्न बाँकी नै रहेको फिल्ममा मलिका महतका साथै हर्षिका वली, मञ्जिला बानियाँ, सन्दीप बाबु लोहनी, रमेश बुढाथोकी, कुलदीप अधिकारी, भोला सापकोटा, सृजना अधिकारी, सुजिता सिवाकोटी, सन्देश लिम्बू, मनिषा सापकोटा लगायतको पनि अभिनय रहेको छ । निर्देशक सुवेदी स्वयंको निर्माण, लेखन र गीत रचना रहेको फिल्मलाई बाबु श्रेष्ठले छायांकन गरेका हुन् ।

*-फिल्मीखबर डटकम*

# हिमालय रोडिज सिजन ५ को उपाधि सञ्जिप राईलाई




हिमालय रोडिज सिजन ५ को उपाधि खोटाङका सञ्जिप राईले जितेका छन् । सोमबार सम्पन्न ग्राण्ड फिनालेमा उनले उपाधिसँगै १० लाख रुपैयाँ नगद र यामहा मोटरसाइकल समेत प्राप्त गरे । उपविजेता विश्व मगरले ५० हजार रुपैयाँ प्राप्त गरे । हिमालय टेलिभिजनका अध्यक्ष धर्मराज भुषालसहित कार्यक्रमका प्रायोजकहरुले विजेतालाई पुरस्कार प्रदान गरेका थिए । 'जिन्दगीकै सबैभन्दा ठूलो उपलब्धिको रुपमा मैले यो जितलाई लिएको छु' रोडिज विजेता घोषित भएपछि खुशि देखिएका राईले भने, 'जीवनमा हार नखान, संघर्षलाई निरन्तरता दिन मेरो उमेरका सबै युवालाई आग्रह गर्छु ।' लाहुरे बन्न निस्किएका सञ्जीव, त्यो सपना पुरा नभएपछि गायक बन्ने मोडतिर अघि बढेका थिए । र्‍याप गायक समेत रहेका उनले ४ वटा गीत सार्वजनिक गरिसकेका छन् ।

उपाधि जितेपछिको पहिलो प्रतिक्रियामा रोडिजमा प्रतिस्पर्धा गर्दाका चुनौतिपूर्ण टास्क र प्रतिस्पर्धीबारे स्मरण गरे । रोचक कुरा के छ भने, ग्रीन ग्याङ अर्थात टीम लाउरे दुबैजना प्रतिस्पर्धी उपाधिका लागि भिडेका थिए । हिमालय रोडिजको इतिहासमा एउटै समूहबाट दुईजना फाइनलिस्ट बनेको यो पहिलोपटक हो । फिनाले समारोहमा बोल्दै हिमालय टिभीका अध्यक्ष भुषालले रोडिजको छैटौं सिजन पनि ल्याउने तयारी भैरहेको बताए । पाँचौ सिजन हरेक सूचक र पक्षमा उत्कृष्ट रहेको पाइएको बताउँदै उनले आगामी सिजनको तयारीका लागि पनि आफूहरुलाई सजिलो भएको बताए । निर्देशक सिमोस सुनवारले पाँचौ सिजनलाई सफल बनाउन पर्दाअघि र पर्दा पछाडिका सबै सहयोगी हातको योगदान रहेको बताए । साउन १५ देखि प्रसारण सुरु भएको पाँचौ सिजनको डिजिटल अडिसनमा चार हजार ४०० र फिजिकल अडिसनतर्फ एक हजार ११६ जना सहभागि थिए । 'पावर अफ फाइभ'को थिममा तयार भएको पाँचौ सिजनलाई चर्चित टेलिभिजन पर्सनालिटी सुरजसिंह ठकुरीले होस्ट गरेका थिए । र्‍यापर लाउरेसहित अभिनेता अनुपविक्रम शाही, अभिनेत्रीद्वय दीया मास्के र प्रियंका कार्की ग्याङ लिडरको रुपमा थिए । सिजनको अन्तिम एपिसोडमा फाइनलिस्टलाई गरुँगो काठको मुडा र डोकोमा टायर बोकेर पोखरा फेवाताल नजिकको डाँडो चढ्नुपर्ने टास्क दिएको थियो । डाँडाको टुप्पोमा विश्वभन्दा सञ्जीप चाँडो पुगेका थिए । जसको आधारमा उनलाई विजेता घोषित गरियो । विजेता र उपविजेताको घोषणा फेवाताल किनारमा गरिएको थियो । उक्त अवसरमा हिमालय टिभीका कार्यकारी निर्देशक श्याम कँडेल र मुख्य प्रायोजक यामहा नेपालका व्यवस्थापन निर्देशक विष्णु अग्रवाल पनि उपस्थित थिए । पाँचौ सिजनको मुख्य प्रायोजक यामाहा नेपाल थियो । इन एसोसिएसनमा माउन्टेन ड्यु, स्टाइल बाईमा प्रोस्टाइल, एसोसिएट स्पोन्सरमा केएफसी, सफ्टारिका कलेज, युनाइटेड अजोड इन्स्युरेन्स र एचपी लुब्रिकेन्ट र मेडिकल पार्टनरको रुपमा स्टार अस्पताल र बजार व्यवस्थापन पार्टनर मिडिया सेन्स थिए । एमटीभी इन्डियाको फर्म्याटमा आधारित भएर हिमालय रोडिजले २०७५ सालदेखि नेपालमा प्रसारण थालेको हो । हिमालय रोडिज हिमालय टिभी एचडीमा प्रसारण हुँदै आएको छ ।

*-अनलाइन खबर डटकम*

**विजय पान पसल**
तानसेन-३, भगवतीटोल, पाल्पा
**हामीकहाँ विभिन्न किसिमका पान पाइन्छ ।**
सम्पर्क: ९८६७३५५८९६

# लागूऔषध मुद्दाका फरार व्यक्ति पक्राउ



**पाल्पा,** मंसिर १२/लागूऔषध ब्राउनसुगर हिरोइन मुद्दामा संलग्न रही ४ वर्षदेखि फरार रहेका व्यक्ति पक्राउ परेका छन् । गुल्मी कालिगण्डकी गाउँपालिका वडा २ घर भई हाल स्याङ्जाको फेदिखोला गाउँपालिका-२ उपल्लो कुँडुले बस्ने ४४ वर्षीय रेशम थापा मगर पक्राउ परेका हुन् ।

जिल्ला अदालत स्याङ्जाको २०७६ असार १ गतेको फैसलाले ५ वर्ष कैद र १० हजार रूपैयाँ जरिवाना सजाय ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय स्याङ्जाबाट खटिएको प्रहरीले फेदिखोलाबाट पक्राउ गरेको हो ।

उनलाई फैसला कार्यान्वयनको लागि स्याङ्जा जिल्ला अदालतमा पेश गरिएकोमा अदालतको आदेशले कैद भुक्तानको लागि जिल्ला कारागार स्याङ्जामा पठाइएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ ।

# किसानको आलु कम्पनीले सिधैं खरिद गर्ने



**वालिङ (स्याङ्जा),** मंसिर १२/ स्याङ्जाका किसान र आलुका परिकार बनाउने कम्पनीबीच आलु खरिद गर्ने विषयमा द्विपक्षीय सम्झौता भएको छ । आलु उत्पादन गर्ने कृषक समूह, सहकारी, कृषि ज्ञान केन्द्र स्याङ्जा, स्थानीय पालिका र फस्ट च्वाइस फुड्स प्रालि रुपन्देहीबीच यहाँ उत्पादन भएको आलु खरिद गर्ने सम्झौता भएको कृषि ज्ञान केन्द्र स्याङ्जाका प्रमुख विनोद हमालले बताए ।

स्याङ्जामा पहिलोपटक यो कार्यक्रम लागू भएकाले अहिले किसान खेतमा आलु लगाउन व्यस्त छन् । "यसपटक जिल्लाका विभिन्न आठ पालिकाका २८ समूह सहकारीमार्फत एक हजार सात सय रोपनी क्षेत्रफलमा आलु लगाउँदै हुनुहुन्छ" उनले भने, "नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)बाट प्रमाणित भएका खुमल उज्जल, खुमल विकास, जनकदेव जातको आलु लगाउने काम भइरहेको छ ।" छनोट भएका २८ समूह सहकारीलाई कार्यालयले बीउ खरिदमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउने उनले बताए । यन्त्र उपकरण खरिदका ५० देखि ७५ प्रतिशत तथा संकलन केन्द्र, प्रशोधन कक्ष, सिँचाइलगायतका पूर्वाधार निर्माणका लागि ८५ प्रतिशतसम्म किसानले अनुदान पाउने छन् । "समूह सहकारीमार्फत उत्पादन भएको आलु बजारमा चलनचल्तीको दरबमोजिम कम्पनीले खरिद गर्ने सम्झौता भएको छ", उनले भने, "यहाँ उत्पादन भएको आलुको सहज बजारीकरण हुने भएको छ ।" किसानले उत्पादन गरेको परिमाणका आधारमा कृषि ज्ञान केन्द्रले प्रतिकेजी रु दुई प्रोत्साहन रकम अनुदान उपलब्ध गराउने उनले बताए । आलु उत्पादन गर्ने समूह सहकारीलाई निःशुल्क विषादी, तालिम तथा प्राविधिक सहयोग उपलब्ध गराइएको कृषि विकास स्रोत केन्द्र वालिङका प्रमुख सुदीप रेग्मीले बताए । आलु लगाउनुपूर्व नै बजारको सुनिश्चितता भएपछि अहिले समूह सहकारीहरू आलुखेतीको विस्तारमा लागेको उनले बताए । "गण्डकी प्रदेश सरकारले अगाडि सारेको यो कार्यक्रमले उत्पादन, प्रशोधन र बजारलाई जोड्ने मुख्य उद्देश्य रहेको छ", उनले भने, "आगामी वर्षमा यसले थप व्यावसायिक उत्पादन र क्षेत्र विस्तारमा सहयोग पुग्ने देखिन्छ ।" खुमल उज्जल, खुमल विकास, खुमल उपहार र जनकदेव जातका उत्पादित आलु रुपन्देहीको शुद्धोधन गाउँपालिकाको मैनियामा रहेको फस्ट च्वाइस फुड्स प्रालिले खरिद गर्ने सम्झौता भएको कम्पनीका आलु बाली विशेषज्ञ श्याम ढकालले बताए । यस वर्ष कम्पनीले आलुबाट फ्रेन्च फ्राइ, चिप्स उत्पादन गर्ने तयारी गरिरहेको र त्यसका लागि खुमल जातका आलु उपयुक्त हुने उनले बताए । "अर्को वर्ष आलुका नयाँ-नयाँ परिकार बनाउने तयारी गरिरहेका छौँ" उनले भने ।

स्याङ्जाका ११ पालिकामध्ये आठ पालिकाका २८ समूह सहकारी यस अभियानमा जोडिएका छन् । आलु उत्पादनका दृष्टिले पकेट क्षेत्र मानिएको भिरकोट नगरपालिका-५ को पकानमा रहेको पकान आइपिएम कृषक समूहमा आबद्ध ३२ जनालाई अहिले सम्झौतानुसार आलु लगाउन भ्याइनभ्याई छ । सम्झौता भई कार्यक्रम लागू भएका स्थानमा अहिले किसान खेतमै व्यस्त देखिन्छन् । बजारको सुनिश्चितता पहिले नै भएकाले अहिले किसान आलु लगाउन निकै उत्साहित र सक्रिय भई लागेका समूहका अध्यक्ष शिवप्रकाश अर्यालले बताए । *-रासस*

## खेलकुद समाचार

# कोशी प्रदेशलाई पराजित गर्दै आर्मी सेमिफाइनलमा



**काठमाडौं,** मंसिर १२/कोशी प्रदेशलाई ३९ रनले पराजित गर्दै त्रिभुवन आर्मी क्लब केपी ओली कप टी-२० क्रिकेटको सेमिफाइनल प्रवेश गरेको छ । पोखरा रंगशालामा टस जितेर ब्याटिङ गरेको आर्मीले २० ओभरमा ७ विकेट गुमाउँदै १८६ रन बनायो । आर्मीले दिएको १८७ रनको लक्ष्य पछ्याएको कोशी १८.२ ओभरमा १४७ रन बनाउँदै अलआउट भएको हो ।

कोशीका लागि ओपनर सोनु अन्सारीले सर्वाधिक ४४ रन बनाए । उनले ३३ बलमा ६ चौका र २ छक्का प्रहार गरे । समिर कार्कीले ३४, सुजन थपलियाले २१ र विकेटकिपर ब्याटर मिनाश थापाले १६ रन बनाए । आर्मीका लागि सोमपाल कामी र विवेक यादव समान २/२ विकेट लिए । जितेन्द्र मुखिया, वसिर अहमद, साहब आलम र रोहित पौडेलले समान १/१ विकेट लिए । त्यसअघि ब्याटिङ गरेको आर्मीका लागि भीम सार्कीले सर्वाधिक ५६ रन बनाए । भीमले २४ बलमा ३ चौका र ५ छक्का प्रहार गरे । ओपनर सन्तोष कार्कीले अर्धशतक बनाउँदै रिटायर हर्ट भए । रोहित पौडेलले २३ र कप्तान विनोद भण्डारीले १७ रन बनाए । कोशी प्रदेशका लागि श्रावण यादवले सर्वाधिक ३ विकेट लिए । बायाँ हाते तिव्र गतिका बलर कमल खत्रीले २ विकेट लिए । प्रकाश कार्की र सोनु मण्डलले १/१ विकेट लिए ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## कर्पोरेट/अर्थ समाचार

# माछापुच्छ्रे बैंकले गर्‍यो नयाँ प्रविधिको शुभारम्भ




**पाल्पा,** मंसिर १२/डिजिटल बैंकिङमा आक्रामक बन्दै ग्राहकलाई सरल र सहज सेवा प्रदान गरिरहेको माछापुच्छ्रे बैंकले नयाँ प्रविधिको शुभारम्भ गरेको छ । बैंकले नेपालमा पहिलो पटक पोस मेसिनमा इन्स्टेन्ट पेमेन्ट नोटिफिकेसन प्रविधिको शुभारम्भ गरेको हो ।

यो प्रविधि प्रयोगमा ल्याउने माछापुच्छ्रे पहिलो बैंक भएको छ । नेपालभरका फिनपोस ब्रान्डको मेसिनमा रिसिप्टको साथै ध्वनीबाट पनि भुक्तानीको सूचना दिने गरी माछापुच्छ्रे यो नविनतम प्रविधि सुरु गरेको हो । बैंकका अनुसार अब माछापुच्छ्रे बैंकका फिनपोसमर्चेन्टहरुले कार्ड, क्यूआर मार्फत भुक्तानी प्राप्त गर्दा कारोबार सफल भएको जानकारी ध्वनीमार्फत आउनेछ ।

यस्तै बैंक नगदरहित बैकिङलाई बढावा दिदैं पहिलो डिजिटल स्मार्ट बैंकको रुपमा आफुलाई स्थापित गर्ने लक्ष्यमा अगाडी बढेको छ । यो बैंकका देशभरका ७ प्रदेशमा १ सय ६५ शाखा, १२ एक्सटेन्सन काउन्टर, १ सय ३० शाखारहित बैंकिङ सेवा, २ सय ३ एटिएम छन् । यसबाट १५ लाख भन्दा बढी ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको बताएको छ ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई